# ४ सांसारिक मार्गहरुबाट जोगिनु

*<u>यस अध्यायका मूल पदहरू:</u>* भजन ११९:११, एफिसी ६:१८, रोमी ८:५,६, हिब्रू ११:१-६, १ राजा ३:१४ र इजकिएल ३६:२६,२७।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"(न्याय अर्थात्) क्रोधको दिनमा धन-सम्पत्ति केही मोलको हुँदैन, तर धार्मिकताले मृत्युबाट छुटाउँछ।...२८ जसले आफ्नो सम्पत्तिमा भरोसा राख्छ, त्यसको पतन हुनेछ, तर धर्मीचाहिँ हरियो पातझैं मौलाउनेछ।" (हितोपदेश ११:४,२८)।**

शैतानले येशूलाई आफ्नो काबुमा राख्न असफल भएतापनि यस संसारमा जन्मिने अरू प्रत्येक प्राणीमाथि नियन्त्रण गर्न ऊ सफल भएको छ। उसको त्यो सफलता निरन्तररूपमा चलिरहन्छ जबसम्म हामीले परमेश्वरको अस्त्र र शक्तिले उसँग मुकाबिला गर्न **सक्दैनौं**। मानिसलाई नाश गर्ने संसारको मोहबाट स्वतन्त्र हुन केवल परमेश्वरले उपलब्ध गराउनुभएको उपायलेमात्र सक्दछ।

त्यसकारण हामीहरूको दैनिक जीवनमा हामीहरूको ध्यान **स्वर्गको स्वामी**मा केन्द्रित गरिराख्नु आवश्यक छ। यस जीवनको सही मूल्य राजा दाउदले यसरी महसुस गरेका थिए, "जवान सिंहहरू कमजोर होलान्, र तिनीहरू भोकाउँछन्, तर परमप्रभुको खोजी गर्नेहरूलाई कुनै उत्तम कुराको अभाव हुँदैन।" (भजनसंग्रह ३४:१०)। समझशक्ति र बुद्धि सुन चाँदीभन्दा उत्तम छ भनेर राजा सोलोमनले स्वीकार गरेका थिए (हितोपदेश ३:१३,१४)। यदि हामी साँच्चिक्कै सुखी हुन चाहन्छौं र हामीहरूको जीवन ठीक तथा उचित तरिकाले चलाउन चाहन्छौं भने हामीहरूको आँखाहरू हामीसँग भएका थोकहरूबाट जीवित येशूतिर लगाइराख्नु अनिवार्य छ किनभने हामी उहाँकै हौं।

संसारमा उपलब्ध भएका थोकहरूको मोहबाट छुटकारा चाहन्छौं भने येशूसँग सफल र सक्रिय सम्बन्ध राखिछोड्नु अति आवश्यक छ। यस अध्यायमा त्यस सम्बन्ध जारिराख्न के गर्नुपर्छ भनेर हेर्नेछौं। हामीहरूको आत्मिक जीवनलाई ध्वस्त पार्न हामीहरूलाई लोभ्याउने सांसारिक थोकहरूको

मुकुण्डोको पछाडि रहेको शक्ति को हो सो हामी नियाल्नेछौं। येशू ख्रीष्ट नै हामीहरू जिउनुको अर्थ हो भन्ने निर्णायक धारणा यस अध्यायमा पढ्नेछौं।

## १. येशू ख्रीष्टसँग सम्बन्ध (फिलिप्पी ४:४-९)

आफूसँग केही नभएतापनि कसैलाई संसारको मोहको सिक्रीले बाँधिएर राखियो भने उसलाई ख्रीष्टतिर मन लगाउने अवसरबाट बलियो गरेर छुटाइ राख्न सक्छ। संसारको हिसाबमा हामीसँग केही नहोला तर भौतिक थोकहरू थुपार्नेमात्र ठूलो चाहनालाई हामीहरूले पोषाइ राख्यौं भने त्यो हाम्रो लागि आशिष होइन भयङ्कर श्राप सावित हुनसक्छ। यदि अरूसँग प्रतिस्पर्धा गरेर धनी बन्न खोज्ने बानीलाई येशूको नियन्त्रणमा राख्न दिएनौं भने हामीले मुक्तिको पनि उपभोग गर्न सक्दैनौं। शैतानलाई यो कुरा थाहा छ त्यसले गर्दा उसले सकेसम्म सांसारिक बस्तुहरूलाई थुपार्ने र संसारिक महत्त्वाकांक्षाको लोभमा मानिसहरूलाई सकेसम्म फसाउन खोज्दछ।तर त्यसबाट हामी कसरी सुरक्षित हुने?

**"माथिका थोकहरूतिर मन लगाऊ तर संसारको थोकहरूतिर होइन" (कलस्सी ३:२ रूपान्तरित)। पावलको त्यो भनाईलाई हामीले कसरी व्यवहारमा उतार्ने? हेर्नुहोस् भजन ११९:९-१६ "९ जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ? तपाईंका वचनअनुसारको जीवन बिताएर नै हो। १० म आफ्नो सम्पूर्ण हृदयले तपाईंलाई खोज्छु, तपाईंका आज्ञाहरूबाट मलाई बहकेर जान नदिनुहोस्। ११ तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु। १२ हे परमप्रभु, तपाईंको प्रशंसा होस्, तपाईंका विधिहरू मलाई सिकाउनुहोस्। १३ मैले मेरा ओठले तपाईंको मुखबाट निस्केका सबै नियमहरूको वर्णन गरेको छु। १४ धेरै धन-सम्पत्तिमा आनन्दित हुने मानिसजस्तै, म तपाईंका कानूनहरू पालन गर्नमा हर्षित हुन्छु। १५ तपाईंका आदेशहरूमाथि म मनन गर्छु, र तपाईंका शिक्षामा म ध्यान दिनेछु। १६ म तपाईंका विधिहरूमा आनन्द गर्नेछु, तपाईंका वचनको म उपेक्षा गर्नेछैनँ।" र एफिसी ६:१४-१८ "१४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्‍वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्‍वरको वचन हो। १८**

सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।"

हामीहरूको दिमागलाई केमा केन्द्रित गरिराख्नुपर्छ भनेर बाइबलमा धेरै पदहरूले बताउँछन्। उदाहरणहरूमा फिलिप्पी ४:४-९ एक हुन् "४ प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर। ५ तिमीहरूको सहनशीलता सबै मानिसहरूलाई थाहा होस्। प्रभु नजिकै हुनुहुन्छ। ६ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, ७ र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ। ८ *अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर*। ९ तिमीहरूले जुन कुरा मबाट सिक्यौ, र ग्रहण गर्‍यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्वर तिमीहरूसँग हुनुहुनेछ।"

विभिन्न अनुहार लिएर सांसारिक लोभले हामीलाई अंठ्याउन आउँछ तर त्यस रोगको उपचार केवल येशूतिर निरन्तररूपमा उपासना र मन लगाइ राख्नु हो। (भजनका लेखकले भन्दछन्, "हरसमय म परमप्रभुको प्रशंसा गर्नेछु, उहाँको प्रशंसा निरन्तर मेरो मुखमा हुनेछ।" भजनसंग्रह ३४:१)। हामीहरूको जीवन कहिले माथि होला कहिले तल होला तर हामीहरूको ध्यान येशूबाट छलाएर राख्नुहुन्न। मोशाको बारेमा पावलले भन्दछन्, "मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि (स्वर्गको) इनामतिर लाएका थिए।" हिब्रू ११:२६। हामीहरूको सम्बन्ध कुनैसित गाँस्नुभन्दा पहिले हामीहरूको प्राथमिकता येशू हुनुपर्छ। येशूप्रति अटल विश्वास राखि उहाँमा समर्पित मानिसहरूलाई उहाँले खोज्नुहुन्छ। कतिपय मानिसहरू मैले के पाउँला भनेर इसाई होला वा चर्चमा आउला। तर उहाँ को हुनुहुन्छ र हाम्रो निम्ति उहाँले के गर्नुभयो सो ज्ञान पाएर उहाँमा समर्पित हुने मानिसहरूको खाँचो छ। कतिपय मानिसहरूले उहाँलाई विश्वास त गर्ला वा उहाँको निम्ति काम गर्न आफूलाई लगाउला तर तिनीहरू तुरन्तै पाउने सुविधा र फाइदाको निम्ति चलिरहेको हुन्छ।

हामीहरूको जीवन येशूमा लुकिएको हुनुपर्छ र उहाँको योजना हामीहरूको योजना हुनुपर्छ। सही प्रतिवद्धता वा समर्पणता भनेको हलोमा हात हाल्नु हो तर पछाडितिर नफर्कनु हो (लूका ९:६२)। जब हामी येशूतिर लाग्ने वचनवद्धतमा हामी लाग्छौं तब हामीहरूको क्षमता अनुसार उहाँले माथि उचाल्नुहुन्छ। जब हामी उहाँमा हामीहरूको जीवन अर्पण गर्छौं तब हामीहरूको आत्मामा संसारको पकडलाई भाँचिदिनुहुन्छ। भौतिकतत्वतिर केन्द्रित हुनुको सट्टा हामी येशूतिर केन्द्रित हुनुपर्छ। हामीहरूको जीवनमा के के नभएको वा खालि भएको महसुसलाई केवल येशूले मात्र भर्न सक्नुहुन्छ।

**तपाईंलाई अत्यन्त मन पर्ने थोक तपाईंले पाउनुभएको समयलाई याद गर्नुहोस्। त्यो आनन्द र संतुष्टि कतिसमयसम्म रह्यो अनि तपाईं पहिलाको जुन अवस्थामा हुनुहुन्थ्यो त्यही अवस्थामा फेरि आइपुग्नभयो त्यो पनि सोच्नुहोस्।**

## २. परमेश्वरको वचनमा (हिब्रू ४:१२)

संसारभरि ६ अरब भन्दा बेसी बाइबलहरू बितरण भइसकेको छ, तर कतिजनाले ती बाइबलहरू जीवित परमेश्वरको वचन भनेर बुझेका छन्? सत्य आत्मज्ञानलाई थाहा पाउन कतिजनाले दिल खोलेर पढेका छन् त?

उचित तरिकाले बाइबल अध्ययन गर्दा हामीहरूको आत्मिक जीवनमा यसले कम्पासको सियोले जस्तै काम गर्दछ। यस संसारमा अनेकौं भ्रमात्मक र अलमलाउने तत्वहरूलाई चिनाएर कुन बाटोमा लाग्नुपर्ने हो सो बाटोमा यसले औंल्याउँछ। परमेश्वरबाट नै सुरु गर्नुभएको यो बाइबल जीवित पुस्तक हो (हिब्रू ४:१२)। अन्त कहीं पाउन नसक्ने सत्य ज्ञान बाइबलले औंल्याउँछ। दिनदिनै कसरी जीउनुपर्छ भनेर देखाउने बाइबल ख्रीष्टको नक्सा हो। हामीहरूको बौद्धिक ज्ञानलाई फराकिलो गर्दै लान र हामीहरूको चरित्रलाई शुद्ध गर्दै लान बाइबलले महत्त्वपूर्ण भूमिका खेल्दछ।

**येशूको बारेमा आधिकारिकरूपमा जानकारी दिने पुस्तकहरू विशेष गरेर सुसमाचारका पुस्तकहरू हुन्। तिनीहरूमा मत्ती, मर्कूस, लूका र यूहन्ना हुन्। यूहन्नाले येशूको बारेमा के भन्दछन् जुन् हाम्रो निम्ति अति महत्त्वपूर्ण छ र हामीहरूको सबै विश्वासको आधार उनीमा नै रहेको छ भनेर देहायका केही पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्, यूहन्ना ५:३९ "तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्।", यूहन्ना १४:६ "येशूले तिनलाई**

**भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।" र यूहन्ना २०:२१ "तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।"**

हामी बाइबल किन पढ्छौं? किनभने सत्यको मूल स्रोत नै बाइबल हो। येशू सत्य हुनुहुन्छ। हामीले चिन्ने गरेर उहाँको बारेमा बाइबलले बताउँछ किनभने उहाँ को हुनुहुन्छ भनेर हामीलाई प्रकट गर्ने साधन नै बाइबल हो। येशू ख्रीष्ट को हुनुहुन्छ भनेर यस परमेश्वरको वचन जुन् पुरानो र नयाँ करारबाट हामी सिक्दछौं। उहाँले हाम्रो निम्ति के गर्नुभयो सो पनि यसैबाट हामी जान्दछौं। त्यसको फलस्वरुप हामी उहाँको मायामा फस्छौं र हामीहरूको जीवन र आत्मा कहिल्यै पनि ननासियोस भनेर उहाँको सुरक्षामा सुम्पन्छौं। उहाँको वचनमा प्रकट गरिए अनुसार जब हामी येशूको पछि लाग्छौं र उहाँका वचनहरूको पालन गर्छौं तब हामी पाप र संसारको सिक्रीबाट स्वतन्त्र हुन्छौं। "त्यसकारण यदि पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू साँच्चिक्कै स्वतन्त्र हुन्छौं" (यूहन्ना ८:३६ रूपान्तरित)।

**हामीहरूको यथार्थ जीवनलाई पावलले नलुकाइकन चित्रण गर्दछन् तर त्यो चित्रण हामीहरूको निम्ति चेतावनी पनि हो। हामीहरूको दिमाग र शरीरमा जुन संघर्ष चलिरहन्छ त्यससँग मुकाबिला गर्न परमेश्वरको वचन अध्ययन गर्न सक्यौं भने निश्चय नै हामीहरू सक्षम् हुनसक्छौं। हेर्नुहोस्, "५ किनभने पापमय स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। ६ किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो।"**

यदि हामी होशियार भएनौं भने संसारको मोह विशेष गरेर संसारका भौतिक सम्पत्तिहरूप्रतिको मायामा गाँसिरह्यौं भने हामीलाई परमेश्वरबाट टाढा टाढा लान सक्छ। त्यसकारण हामीहरू परमेश्वरको वचनमा डुबिरहनुपर्छ। हामीहरूको इसाई जीवनमा चाहिने अनन्त र आत्मिक वास्तविकतालाई औंल्याउन परमेश्वरको वचनले नै निर्णायक भूमिका खेल्दछ।

संसारको भौतिक कुराहरूमामात्र डुविरहँदा आत्मिक नैतिकतिर कसैको मनलाई उचाल्दैन। बरू बाइबलले सिकाएका नीतिहरूलाई फालेर मानिसहरू लोभ, स्वार्थी, लालसा र कामबासनालाई च्याप्न गइरहेका हुन्छन्। बाइबलमा प्रकट गरिएको प्रेमले यो सिकाउँदछ कि अरूको निम्ति हामीहरूको जीवन दिनु

अति उत्तम कुरो हो। हामीसँग जे छ त्यससँगको सम्बन्ध भन्दा अरूसँगको सम्बन्धलाई महत्त्व दिन्छौं। त्यसको ठीक बिपरित संसारिक मोहमा फसिरहन्दा अरूलाई के दिन्छौं होइन तर हामीले के पाउछौं भन्ने मनस्थितिले हामीहरूको दिमागलाई कब्जा गरेको हुन्छ। यो येशूले सिकाउनुभएको र देखाउनुभएको शिक्षाको ठिक बिपरित हो।

## ३. प्रार्थनाको जीवन (यूहन्ना १७:३)

"अनन्त जीवन यही हो कि तिनीहरूले तपाईंलाई चिनुन् जो तपाईंमात्र एक सत्य परमेश्वर हुनुहुन्छ र तपाईंले येशू ख्रीष्टलाई पठाउनुभएको थियो" (यूहन्ना १७:३ रूपान्तरित)। येशूको प्रार्थनामा उल्लेख गरिए अनुसार आस्था भनेकै परमेश्वरमाथिको सम्बन्ध हो भनेर इसाईहरूले दावी गर्दा अचम्म मान्नु पर्दैन। यदि परमेश्वरलाई चिनेर अनन्त जीवन पाइन्छ भने उहाँलाई चिन्नुको साथसाथै उहाँसँग सम्बन्ध राखेर हिंडियो भने हामीहरूको जियाइ यस संसारमा अर्थपूर्ण हुन आउँछ। उहाँसँग सम्पर्कमा रहिरहनु हो अर्थात् उहाँसँगको संवाद जारी राख्नु हो, उहाँसँग सम्बन्ध हुनु हो। अघिल्लो बुँदामा हामीले हेऱ्यौ कि परमेश्वरले उहाँको वचनद्वारा हामीसँग बोल्नुहुन्छ। तब हामी उहाँसँग कसरी बोल्ने त भन्दा प्रार्थनाद्वारा बोल्नु हो।

यस संसारमा हाम्रो धेरै सांसारिक थोकहरूमा भुलिरहने बानी छ तर हामीहरूको मन र दिमागलाई स्वर्गको बस्तुहरूमा राखिराख्न चाहन्छौं भने प्रार्थनाको बिकल्प अरू छैन। किनभने प्रार्थनाको स्वभावै यो हो कि हामीलाई यस संसारभन्दा माथिका थोकहरूतिर मनलाई आकर्षित गर्दछ।

तर यहाँ हामी सतर्क हुनुपर्छ किनभने कहिलेकाहीं हामीहरूको प्रार्थना स्वार्थ पूरा गर्नमात्र व्यक्त गरेका हुन्छौं। त्यसैकारणले परमेश्वरको इच्छामा समर्पित भएर हामीले प्रार्थना गर्नुपर्छ।

धेरै वर्ष अघि एक जना महिलाले यो गाएकी थिइन् "हे प्रभु, के तपाईंले मलाई मर्सेडिज बेन्ज कार किनिदिनुहुन्न र?" परमेश्वरलाई विश्वास गर्छु भनेर दावी गर्नेहरूले भौतिक सुविधाको खोजमा कसरी चल्न सक्छन् भनेर उनको गीतले देखाउन खोजेको थियो। त्यसकारण जब हामी प्रार्थना गर्छौं तब हामी परमेश्वरको चाहनामा समर्पित हुनुपर्छ। अनन्त जीवनलाई धरापमा पार्ने संसारका थोकहरूप्रतिको मोहलाई मार्न दिएर परमेश्वरको इच्छालाई हामीहरूले चाहना गरिरहनुपर्छ।

**प्रार्थनामा के के निर्णायक मूल तत्वहरू समावेश हुनुपर्छ भनेर पावलले हिब्रू ११:१-६मा हामीलाई सिकाउँदछन्। विश्वासमा परमेश्वरकहाँ आउनु भनेको के हो र विश्वासमा परमेश्वरसँग प्रार्थना गर्नु भनेको के हो भनेर पनि ती पदहरूले हामीलाई देखाउँदछन्। हेर्नुहोस्, "१ अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो। २ किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो। ३ विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो। ४ विश्वासद्वारा हाबिलले परमेश्वरलाई कयिनले भन्दा अझ ग्रहणयोग्य बलि चढ़ाए, र त्यसद्वारा नै हाबिल धर्मी ठहरिए। तिनको बलि स्वीकार गरेर परमेश्वरले आफ्नो सम्मति जनाउनुभयो। तिनी मरे तापनि विश्वासद्वारा नै तिनी अझै बोलिरहेका छन्। ५ विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि परमेश्वरलाई तिनले प्रसन्न पारेका कुराको पुष्टि भएको थियो। ६ विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।"**

यदि हामीहरूको प्रार्थनामा विश्वास गाँसिएको छ भने शैतानले पनि जालि विश्वासलाई हामीतिर तेर्स्याएको हुन्छ। त्यो हो प्रार्थना गर्दा स्वत पाइहाल्छ नि वा भाग्यको खेल भनेर मानिसहरूलाई अलमल्याउने उसको चाला। "प्रार्थना र विश्वासको बीचमा घनिष्ट सम्बन्ध छ। ती दुई गुणहरूलाई सँगसँगै मिलाएर अध्ययन गर्नु आवश्यक छ। जब विश्वासद्वारा प्रार्थना गरिन्छ तब त्यसबेला परमेश्वरको विज्ञानले काम गरिरहेको हुन्छ। यदि कसैको जीवन सफल भएको चाहन्छ भने त्यो आत्मविज्ञान बुझ्नु जरूरी नै छ। येशूले भन्नुभयो, "जब प्रार्थना गरेर तिमीहरूले जे चाहना गर्छौं त्यो तिमीहरूले पायौ भनेर विश्वास गर। तिमीहरूले पाउनेछौ।" मर्कुस ११:२४ रूपान्तरित। परमेश्वरको चाहना अनुसार हामीले प्रार्थना गर्नुपर्छ भन्ने कुरामा येशूले स्पष्ट पार्नुभएको छ। उहाँले प्रतिज्ञा गर्नुभएको थोकहरूको निम्ति हामीले प्रार्थना गर्नुपर्छ। हामीले जे पाउँछौं त्यो उहाँको इच्छा पालन गर्नको निम्ति प्रयोग गर्नुपर्छ। जब परमेश्वरले राख्नुभएको सर्त हामीले पूरा गर्छौं तब उहाँले

गर्नुभएको प्रतिज्ञा साफ-साफ सिद्ध हुन्छ।"- एलेन जी ह्वाइट, *प्रार्थना* पृ. ५७बाट रूपान्तरित।

**तपाईंको आफ्नो प्रार्थनाको जीवनलाई हेर्नुहोस्। तपाईंले केको निम्ति प्रार्थना गर्नुहुन्छ? तपाईंको प्रार्थनाले तपाईंका प्राथमिकताहरूको बारेमा के भन्छ? अरू के के को निम्ति तपाईंले प्रार्थना गर्नुपर्छ होला?**

## ४ बुद्धिले सम्पन्न भएको जीवन (१ राजा ३:९ )

बाइबलमा धेरै अति सुन्दर प्रेरणादायी कथाहरू छन्। ती मध्ये राजा सोलोमनले परमेश्वरसँग अनुरोध गर्नुभएको एक हो। उनीदेखि अत्यन्त प्रशन्न भएर एक रात परमेश्वरले सोलोमनलाई स्वप्नदर्शनमा उनलाई के चाहिन्छ सो दिन्छु भनेर भन्नुभएको थियो। सबै थोकहरूभन्दा राजा सोलोमनले परमेश्वरसँग यो मागे "हे प्रभु मलाई यस्तो किसिमको हृदय दिनुहोस् जसले तपाईंका जनहरूको न्याय गर्नु सकुँ ताकि के असल छ के खराब छ सो छुट्याउन सकुँ। किनभने तपाईंका यी महान् प्रजालाई न्याय गर्न को सामर्थ छ र?" (१ राजा ३:९ रूपान्तरित)।

**परमेश्वरले राजा सोलोमनलाई उनले अनुरोध गरेको अनुसारमात्र होइन उनलाई धेरै धनसम्पत्तिले सम्पन्न गराउनेछु भनेर वचन दिनुभएको थियो। तर परमेश्वरले के सर्त दिनुभयो जसलाई नमान्दा राजा सोलोमनको धनसम्पत्तिले उनलाई नै डुवाइदियो? परमेश्वरले राजा सोलोमनलाई दिनुभएको वचन के उनलाईमात्र हो र? हामीलाई पनि के लागु हुनसक्दैन र? हेर्नुहोस्, १ राजा ३:१०-१४ विशेष गरेर पद १४ " १० सोलोमनको त्यस्तो प्रार्थना सुनेर परमप्रभु खुसी हुनुभयो ११ र उनलाई भन्नुभयो, "तिमीले आफ्नो लागि दीर्घायु वा धन-सम्पत्ति वा आफ्ना शत्रुको नाश मागेनौ; तर न्यायसित राज्य गर्ने बुद्धि माग्यौ। १२ म तिमीले मागेअनुसार गर्नेछु। अघि कसैले नपाएको र पछि पनि कसैले पाउन नसक्ने बुद्धि र समझ-शक्ति म तिमीलाई दिनेछु। १३ तिमीले नमागेको कुरा पनि म तिमीलाई दिनेछु। तिम्रो जीवनभरि अरू सबै राजाका भन्दा बढी धन-सम्पत्ति र इज्जत तिमीले पाउनेछौ। १४ *तिमीले तिम्रा पिता दाऊदले झैं मेरा आज्ञा, नियमहरू र आदेशहरू पालन गर्‍यौ भने म तिमीलाई दीर्घायु बनाउनेछु।"* यही सन्दर्भमा देहायका पदहरू पनि हेर्नुहोस्, १ यूहन्ना ५:१-३ " १ येशूलाई मुक्ति दिने राजा ख्रीष्ट भनेर विश्वास गर्ने जति सबै परमेश्वरका सन्तान हुन्। पितालाई प्रेम गर्नेले पुत्रलाई पनि प्रेम गर्छ। २**

**परमेश्वरलाई प्रेम गरेर अनि उहाँको आज्ञा मानेर नै उहाँका सन्तानलाई हामी प्रेम गर्छौं भन्ने थाहा हुन्छ ३ *किनभने परमेश्वरको आज्ञा मान्नु नै उहाँलाई प्रेम गर्नु हो। उहाँका आज्ञाहरू त्यति कठिन छैनन्* ४ किनभने परमेश्वरको प्रत्येक सन्तानले संसारलाई नै जित्न सक्नेछ। हाम्रो विश्वासले नै हामी संसारलाई जित्छौं। ५ कसले संसार जित्न सक्छ? येशूलाई परमेश्वरका पुत्र भनेर विश्वास गर्नेले नै संसार जित्छ।" र १ पत्रुस ४:१७-१९ " १७ न्याय हुने बेला भइसक्यो। न्याय परमेश्वरको आफ्नै मानिसबाट सुरु हुन्छ। हाम्रो त न्याय गरिन्छ भने परमेश्वरको सुसमाचारलाई नै विश्वास नगर्नेको झन् कस्तो न्याय होला? १८ धर्मशास्त्रले भन्छ, "असल मानिसलाई बचाउन त मुस्किल पर्छ भने परमेश्वरै नमान्ने पापी मानिसको गति त झन् के होला?" १९ यसकारण परमेश्वरको इच्छामा दुःख भोग्नेले राम्रो काम गर्न नछोडी पूरै सृष्टि गर्नुहुने परमेश्वरमा भर पर्नुपर्दछ। उहाँले आफ्नो प्रतिज्ञा सधैं पूरा गर्नुहुन्छ।"**

राजा सोलोमनमा अत्यन्त उच्च कोटीको बुद्धि र ज्ञान थियो। तर यदि त्यस बुद्धि अर्थात् ज्ञान अनुसार कोही चलेन भने त्यसको अर्थ केही हुँदैन। त्यो केवल असल कुरा जानकारीमा आएकोमात्रै हुन्छ। कोही वुद्धिमानी मानिस आफूले पाएको बुद्धि अनुसार चलेन भने त्यो मानिसको बुद्धि सही बुद्धि हुनसक्दैन भनेर बाइबलले बताउन खोज्दछ। आत्मज्ञान, बुद्धि र बाइबलको ठीक ज्ञान र परमेश्वरले देखाउनुभएका आवश्यकताहरूको पूरा जानकारी भएका धेरै मानिसहरू अनन्त जीवनबाट बन्चित हुनेछ। अन्तमा गएर सोलोमनको जतिसुकै बुद्धि भएतापनि उनबाट अपेक्षा गरे अनुसार परमेश्वरका नीतिनिर्देशन अनुसार नचल्दा उनी भ्रष्ट हुन पुगेका थिए। (एक जना लेखकले उनी बुद्धिले सम्पन्न भएको मूर्ख मानिस हुनगएको भनेर भनेका थिए)। राजा सोलोमनको अन्तिम दिनहरूमा मात्रै उनले नम्र भएर यो महसुस गरे, "कुनै पनि रूबी जस्ता अमूल्य पत्थरहरूभन्दा बुद्धि अत्यन्त उत्तम छ। मानिसले चाहना गरेका सबै थोकहरूको सामु बुद्धिलाई तुलना गर्न सक्दैन" (हितोपदेश ८:११ रूपान्तरित)।

बुद्धि भनेको कुनै मानिसमा भएको ज्ञान र समझलाई व्यवहारमा उतार्ने हो। ज्ञान भनेको तथ्यहरूको जानकारी हो। समझशक्ति वा अकल भनेको कुन ठीक कुन बेठीक छुट्याउन सक्ने प्रतिभा हो। जब हामीहरूको जीवनमा हामीले पाएका ज्ञान र समझशक्तिलाई प्रयोग गर्न चाहन्छौं त्यो बुद्धिको प्रक्रियाद्वारा हुन्छ। कुनै मानिसले कुनै थोक बुद्धिमानीसाथ सञ्चिता

(हिफाजत)गर्न चाहन्छ भने उसलाई बुद्धि र समझशक्तिमात्र होइन तर त्यही अनुसार चल्ने अनुभवले उसलाई सक्षम् र बुद्धिमानी बनाउँछ।

(सोलोमन बुढो भएपछि धनसम्पत्तिले मात्तिएर धेरै सुन्दरीहरूको पछि लागेका थिए। तिनीहरूले राजाको हृदयलाई परमेश्वरबाट टाढा राखेर मनाही गरेका देवीदेवताहरूको पूजा गर्न पुगेका थिए। मानिसमा जतिसुकै बुद्धि र ज्ञानभएतापनि उसले पाएका ती बुद्धि र ज्ञान अनुसार चलेन भने ऊ भौतिक सम्पत्ति तथा साधनहरूले मात्तिएर अन्तमा शुन्यको जीवनमा पछारिनेछ भनेर सोलोमनको कथाले स्पष्ट पार्दछ। उनको अन्तिम समयमा उनले सबै थोक बेकार भनेर आफ्नो जीवनप्रति आक्रोस व्यक्त गरेका थिए। परमेश्वरको चाहना अनुसार नचल्दा अत्यन्त धनी र बुद्धिमानी कहलाइएका राजा सोलोमनले यस्तो निराशका वचनहरू उच्चारण गर्न पुग्दा परमेश्वरले दिनुभएको बुद्धि उनको निम्ति कसरी असफल हुन पुगेको थियो भनेर छर्लङ्ग पार्दछ, “ २
व्यर्थ छ, व्यर्थ उपदेशक भन्दछन्। जीवन व्यर्थ छ, सबै कुरा व्यर्थ छन्। ३
मानिसले जीवनभरि काम गरेर परिश्रम र मेहनतमा बिताउँछ तर उसलाई के लाभ छ र? ४ पुस्ता-पुस्ता आउँछन् र जान्छन् तर संसार भने जस्ताको त्यस्तै
रहिरहन्छ। ५ सूर्य उदाउँछ, अस्ताउँछ र सही ठाउँमा पुग्छ, जहाँबाट त्यो फेरि
उदय हुन्छ। ६ बतास दक्षिणतिर बहन्छ, उत्तरतिर बहन्छ, घुमेर चक्कर मार्दै
त्यो फेरि त्यहीं फर्कन्छ। ७ सबै नदीहरू बगेर समुद्रमा जान्छन् तर समुद्र
कहिल्यै भरिंदैन। पानी फर्केर फेरि मुहानमा र फेरि त्यहाँबाट बग्न सुरु
गर्छ। ८ सबै कुराले थकाउँछ र त्यो थकाइ यति भारी हुन्छ कि त्यसलाई
बयान गर्ने शब्द छैन। आँखाले देखेर अघाउँदैन, कानले सुनेर तृप्त हुँदैन। ९
अघि जे भएको थियो, त्यो फेरि हुनेछ। अघि जे काम गरिएको थियो, त्यो फेरि
गरिनेछ। नयाँ कुरा सारा संसारमा केही छैन। १० मानिसहरू भन्छन्, “यहाँ
हेर! यो नयाँ कुरा हो!” तर होइन, त्यो अघि नै भइसकेको थियो। हाम्रो
समयभन्दा उहिले नै भएको थियो। ११ उहिलेका मानिसहरूलाई कसैले
सम्झनेछैन र आउने पुस्तालाई त्यसपछिका पुस्ताले याद गर्नेछैन।" उपदेशक १:२-११। के परमेश्वरले राजा सोलोमनलाई व्यर्थ बनाउन बुद्धि, ज्ञान र धनसम्पत्ति दिनुभएको थियो र?-अनुवादकको जिज्ञासा)।

**देहायका पदहरूमा दुई किसिमका बुद्धि तथा ज्ञानहरूको बारेमा चर्चा गरिएको छ। ती दुई फरक बुद्धि तथा ज्ञानहरू के हुन् त? हेर्नुहोस्: १ कोरन्थी ३:१८-२३ “ १८ कसैले आफैंलाई धोखा नदेओस्। तिमीहरूका बीचमा कोही**

यस युगको जान्ने ज्ञानी छु भन्ने सोच्दछ भने ऊ साँचो रूपले ज्ञानी हुन मूर्ख बनोस् १९ किनभने संसारको ज्ञान परमेश्वरको अगाडि मूर्ख कुरा हो। धर्मशास्त्रमा लेखिएको छ, "परमेश्वरले ती ज्ञानी मानिसहरूलाई उनीहरूको चलाकीपनमा नै पक्रिनुहुन्छ।" २० फेरि अर्को ठाउँमा धर्मशास्त्रले भन्छ, "ज्ञानीहरूको विचार काम लाग्नेछैन भनी प्रभुलाई थाहा छ।" २१ त्यसो हुँदा कसैले मानिसले गर्न सक्ने काममा घमण्ड नगरोस्। खासमा सबै कुरा तिमीहरूकै हुन्, २२ पावल, अपोल्लोस र पत्रुस, संसार, जीवन र मृत्यु, अहिलेको समय, पछिको समय सबै तिमीहरूकै हुन् २३ र तिमीहरूचाहिँ ख्रीष्टका अनि ख्रीष्टचाहिँ परमेश्वरका हुनुहुन्छ।" र हितोपदेश २४:१३,१४ " १३ ए छोरा, मह खाने गर, त्यो असल कुरा हो। जसरी चाकाको मह जिब्रोलाई मीठो लाग्छ, १४ त्यसरी नै बुद्धि प्राणको निम्ति असल हो। बुद्धि प्राप्त गर् र तिम्रो भविष्य उज्यालो हुनेछ।"

## ५. पवित्र आत्मा (यूहन्ना १६:१३)

शैतान र येशूको बीचमा भइरहेको महान् अन्तरद्वन्द वा युद्ध कुनै काल्पनिक नभएर वास्तविक नै हुन्। हामीहरूको जीवनलाई कब्जा गर्न दुवै शक्तिहरूले युद्ध गरिरहेका छन्। एउटाले येशूतिर हामीलाई तानिरहेको छ भने (यूहन्ना ६:४४) अर्कोले संसारतिर (१ यूहन्ना २:१६)। यदि हामीले उहाँलाई समर्पण गऱ्यौं भने पवित्र आत्माको शक्तिले ठीक दिशातर्फ हामीलाई लैजान र खिँच्न सक्दछ।

"जब उहाँ जो सत्यको आत्मा हुनुहुन्छ जब आउँछ तब उहाँले तिमीहरूलाई सबै सत्यहरूतर्फ डोऱ्याउनुहुनेछ" (यूहन्ना १६:१३ रूपान्तरित साथै येशूले भन्नुभयो " पिताले मेरो नाउँमा सहायता गर्न पठाउनुहुने पवित्र आत्माले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ र मैले भनेका सबै कुराको सम्झना गराउनुहुनेछ।" यूहन्ना १४:२६। यस संसारमा हामीहरूलाई अनेकौं भौतिक तत्वहरूले तानातान गरिरहेका छन् र हामीलाई दमन गर्न चाहन्छन् तर त्यसबाट उम्किरहन र विश्वाससाथ परमेश्वरको नीतिमा चल्न चाहन्छौं भने पवित्र आत्माले हामीलाई शक्ति वा बल दिनुहुन्छ। स्वर्गमा जीवन बिताउनको निम्ति तयार हुन तथा सफलता हासिल गर्न चाहन्छौं भने यस संसारमा नै हामी रहँदा पवित्र आत्माको अगुवाइमा विश्वासको जीवन बिताउनु आवश्यक छ।

पावलले हामीलाई यो सल्लाह दिन्छन्ः "तिमीहरूमा भएको विश्वास मानिसहरूको बुद्धिज्ञान अनुसारको होइन तर परमेश्वरको शक्ति अनुसार हुनुपर्छ" (१ कोरन्थी २ः५ रूपान्तरित)। यस संसारका अनेकौं भौतिक साधन र त्यसलाई हातमा पारिराख्ने प्रतिस्पर्धाले गर्दा प्रायजसो हामीलाई परमेश्वरबाट पर पर राख्न खोज्दछ। तर यदि त्यस्को बिपरित हामीले पवित्र आत्माको आवाजलाई मिचिरहँदैनौं भने हामीलाई येशूतर्फ तानिन उहाँले शक्ति दिनुहुन्छ।

**मानिसले जतिसुकै आफ्नै बल, मनौवैज्ञानिक साधनद्वारा संसार र संसारको लोभमा नफसाउन प्रयास गराउन खोजेतापनि सांसारिक युद्धसँग लड्ने शक्ति केवल हामीहरूको व्यक्तिगत मनोबलभन्दा बाहिरबाटमात्र आउनुपर्छ। जब हामीहरूले हामीहरूलाई पवित्र आत्माको नियन्त्रणमा राख्न दियौं भने तब मात्र आत्मिक विजय दिलाउन परमेश्वरले अनेकौं काम गर्न अवसर दिन्छौं। हेर्नुहोस्ः "इजकिएल ३६ः२५-२७ " २५ म तिमीहरूमाथि शुद्ध पानी छर्कनेछु र तिमीहरू चोखो हुनेछौ। मूर्तिहरू र जुन कुराले तिमीहरूलाई अशुद्ध पारेका छन्, तीबाट शुद्ध पार्नेछु। २६ *म तिमीहरूलाई नयाँ हृदय र नयाँ मन दिनेछु। तिमीहरूको ढुङ्गाको कठोर हृदय म हटाउनेछु र त्यसको सट्टामा आज्ञाकारी हृदय दिनेछु। २७ तिमीहरूबाट मेरा नियमहरू र मैले दिएका आज्ञाहरूको पालन गराउन म मेरो आत्मा तिमीहरूमा हालिदिनेछु।",* यूहन्ना १४ः२५-३१ " २५ "तिमीहरूसँगै रहँदा नै मैले तिमीहरूलाई यी कुराहरू भनेको छु। २६ पिताले मेरो नाउँमा सहायता गर्न पठाउनुहुने पवित्र आत्माले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ र मैले भनेका सबै कुराको सम्झना गराउनुहुनेछ। २७ "म तिमीहरूलाई शान्ति दिएर जान्छु। मेरो आफ्नै शान्ति म तिमीहरूलाई दिन्छु र यो संसारले दिनेजस्तो शान्ति होइन। आफ्नो मनलाई विचलित हुन नदेओ र नडराओ। २८ 'म यहाँबाट जाँदै छु र फेरि तिमीहरूकहाँ फर्केर आउनेछु' भनेर मैले भनेको कुरा त तिमीहरूले सुनिहाल्यौ। तिमीहरूले मलाई साँचो रूपले प्रेम गरेको भए त म पिताकहाँ जान लाग्दा तिमीहरू खुसी हुनेथियौ किनभने मभन्दा त पिता नै ठूलो हुनुहुन्छ। २९ यी सबै कुरा हुनुभन्दा अघि नै मैले तिमीहरूलाई भनिसकेको छु र यी कुरा पूरा हुँदा तिमीहरूले विश्वास गर्नेछौ। ३० अब त मैले तिमीहरूसँग अरू धेरै कुरा गर्न पाउँदिनँ किनभने यस संसारको राजा आउँदै छ। वास्तवमा त्यसले मलाई केही गर्न सक्दैन। ३१ तर सबै मानिसहरूले म पितालाई प्रेम गर्छु भनी जान्न सकून् भनेर म पिताको आज्ञालाई पालन गर्दै छु। उठ, अब हामी यस ठाउँबाट जाऔं।" र एफिसी ३ः१४-२१ "**

**१४ त्यसैकारण म परमेश्वर पिताका पाउमा परेर प्रार्थना चढाउँछु। १५ स्वर्ग र पृथ्वीका सबै परिवार पिताकै नाउँमा रहेका छन्। १६ उहाँको महान् सम्पत्ति र उहाँकै आत्माबाट तिमीहरूलाई शक्ति मिलोस् र त्यो शक्तिले तिमीहरूलाई भित्री जीवनमा बलियो बनाओस् भनी परमेश्वरलाई म प्रार्थना गर्दछु। १७ तिमीहरूले विश्वास गर अनि खीष्टले तिमीहरूको हृदयमा बास गरिरहून् भनी म प्रार्थना गर्छु। तिमीहरूले हाल्ने जरा र तिमीहरूको जग प्रेम नै होस् भन्ने म प्रार्थना गर्दछु। १८ त्यसो हुँदा तिमीहरू पनि खीष्टका पवित्र जनहरूसँगै खीष्टको प्रेमको लम्बाइ, चौडाइ, उचाइ र गहिराइ कति छ, पूरासँग बुझ्न सक्नेछौ। १९ सबै ज्ञानबुद्धिले खोज्न नसक्ने उहाँको प्रेमलाई तिमीहरूले बुझ अनि परमेश्वरको भरिपूर्णता तिमीहरूमा भरिओस्। २० हामीभित्र काम गर्ने शक्तिद्वारा हामीले मागेको र सोचेको भन्दा प्रशस्त मात्रामा दिन सक्नुहुने २१ उनै परमेश्वरलाई मण्डली र येशू खीष्टमा सबै युग सबै समय र सधैंभरि प्रशंसा होस्। आमेन।"**

“विभिन्न लोभ, शिक्षादीक्षा, तर्क अर्थात् वादहरू र परम्पराको नाउँमा शैतानले हामीहरूको दिमागलाई नियन्त्रण गर्दछ। मानिसहरूलाई गलत दिशातर्फ डोऱ्याएर तिनीहरूको चरित्रलाई उसले भ्रष्ट पार्दछ। पवित्र धर्मशास्त्र बाइबलबाट पवित्र आत्माले हामीहरूको चेतनामा बोल्नुहुन्छ र हामीहरूको हृदयमा सत्यको छाप लगाउनुहुन्छ। यसरी उहाँले गलत कुराहरूको भन्डाफोर गर्नुहुन्छ र तिनीहरूलाई हामीहरूको हृदयबाट निकालिदिनुहुन्छ। परमेश्वरको वचनद्वारा काम गर्दै सत्यको आत्माले खीष्टका चुनिएका मानिसहरूलाई उहाँले आफूमा राख्नुहुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ६७१बाट रूपान्तरित।

येशू खीष्ट स्वर्गमा गइसक्नुभएपछि यस संसारमा उहाँले पवित्र आत्मालाई आफ्नो प्रतिनिधिस्वरूपमा हामीलाई आखिरि उपहार दिनुभएको छ। सबै सत्यलाई सिकाउने उहाँ नै हुनुहुन्छ। संसारको अनेकौं मायामोह र अभिलाषाबाट हामीलाई हटाइराख्न र शक्ति दिन पवित्र आत्मा हामीसँग हरसमय प्रयत्न गरिरहनुहुन्छ।

**हो संसारले हामीहरूलाई तानिराखेको छ, छैन त? तपाईंले अहिले नै के निर्णय गर्न सक्नुहुन्छ जसले गर्दा तपाईं पवित्र आत्मालाई समर्पण गर्न सक्नुहुनेछ र संसारका लोभ तथा प्रलोभनहरूसँग तपाईं मुकाबिला गर्न सक्नुहुनेछ?**

**उपसंहारः**

थप जानकारीः स्टुवार्ड वा सञ्चयकर्ताले दुई नीतिहरूबाट सञ्चालन गरिरहेको हुन्छ। ती हुन्ः प्रेम  र कर्तव्य। "कर्तव्यको जुम्ल्याहा बहिनी छ भनेर थाहा पाउनु। त्यो हो प्रेम। यदि ती दुई गुणहरू एक भयो भने जे कुरामा पनि सफलता हासिल गर्न सक्छौं। तर ती दुई गुणहरूलाई अलग गऱ्यौं भने दुवैले असल काम गर्न सामर्थ हुँदैन।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ४, पृ. ६२बाट रूपान्तरित। यदि हामीहरूले येशूको त्यागमा चिन्तन गरेर डुब्न सक्यौं भने हामीहरूमा प्रेम जाग्न सक्दछ र त्यसबाट कामकर्तव्यमा लाग्न घचघचाउन सक्दछ।

तर त्यसको बिपरित संसारका नीतिहरू छन्ः त्यो हो घृणा वा डाहा। त्यसको पनि जुम्ल्याहा छ, त्यो हो विद्रोह। बिद्रोह भनेकै घृणा तथा डाहालाई कार्यन्वन गरिनु हो। लुशिफरले परमेश्वरको बिरुद्धमा विद्रोह गऱ्यो (इजकिएल २८ः१६,१७) र जब सम्म उसको नाश हुँदैन तब सम्म ऊ चुपचाप बस्दैन। प्रेमले मानिसहरूलाई आफ्नो अधिकारमा राख्नुको सट्टा सत्ताको लोभ र प्रेमले मानिसलाई निलिदिन्छ। येशू ख्रीष्टमा भएको अधिकार र शक्तिलाई इस्राएलका धर्मगुरूहरूले घृणा गरेका थिए (मत्ती २२ः२९)। येशूलाई क्रुसमा टाँगेपछि तिनीहरू मन्दिरबाट भाग्न वाध्य भएतापनि र उहाँको छेड्ने आँखाले हेरेपनि तिनीहरूले आफ्नो मनिस्थितिलाई फर्काएनन्।

**चिन्तनमननः**

अ. प्रेम र कर्तव्य अर्थात् आफूले गर्नुपर्ने कामको बारेमा अझ सोच्नुहोस्। ती दुईलाई जुम्ल्याहा भनेर एलेन जी ह्वाइटले सम्बोधन गर्नुभएको अर्थ के हो? ती दुईलाई अलग गरेर राखियो  वा काममा लगाउन खोजियो भने ती दुवै असल काम गर्न खुबी हुँदैन भन्नुको अर्थ के हो? कर्तव्यबिनाको प्रेम कस्तो होला वा प्रेम बिनाको कर्तव्य कस्तो होला? किन ती दुवै सँगसँगै हुनुहुपर्छ?

आ. यस अध्यायको मूल सार पदमा भनिएको छः "न्यायको समयमा धनसम्पत्तिले साथ दिँदैन वा केही फाइदा गर्दैन तर धर्मीहरूलाई मृत्युबाट उद्धार गरिनेछ...जसले आफ्नो धनसम्पत्तिमा भरोसा राख्छ त्यो पतन हुन्छ तर धर्मीचाहीं पात

जस्तै मौलाउनेछ" (हितोपदेश ११:४,२८ रूपान्तरित)। यस पदको अर्थ के हो? धनसम्पत्ति वा धन दौलत भनेको के हो र के होइन?

इ. सोलोमन राजाको बारेमा चिन्तन गर्नुहोस्। परमेश्वरप्रति अत्यन्त अगाध प्रेम राख्ने त्यो राजा कसरी चुकेर गयो? उपदेशकको पुस्तक पढ्नुहोस् र त्यहाँ लेखिएको संसारको धनसम्पत्तिको अर्थहिनता र शुन्यताको बारेमा के भन्दछ? हामीमा थोर बहुत जे भएतापनि त्यसले हामीलाई कस्तो मनस्थितिमा राख्न सक्छ? आत्मिक बाटमा हामी रहिरन प्रार्थना, बाइबल अध्ययन र ख्रीष्टसँगको सम्बन्ध किन जारी राख्नुपर्छ?

इ. संसारका भौतिक कुराहरू नभएतापनि कतिपय मानिसहरू संसारको लोभमा शैतानले कसरी पासो थापी राख्न सफल भएको छ जसले गर्दा परमेश्वरतिर ध्यान दिन असमर्थ हुन्छ?

उ. विभिन्न प्रकारका बुद्धिहरूको बारेमा तपाईंलाई के थाहा छ?

## कथा ४
## तिनीहरूले भेट्टाएका पहिलो प्रेम बेलिज
## जेम्स पेस्काशियो, ६२ र लुइज पेस्कासियो, ६५

मध्ये अमेरिकामा रहेको बेलिज देशमा जेम्स र लुइज बालककालमा सँगसँगै हुर्केका थिए। ठूलो भएपछि तिनीहरू कामको निम्ति अमेरिकामा काम गर्न आप्रवासी भएर गए। लुइजले अमेरिकाको क्यालिफोर्निया प्रान्तमा ३० वर्षसम्म विभिन्न व्यापारी काममा लागेकी थिइन्। क्यालिफोर्निया, टेक्सास र इलिनोइज राज्यमा जेम्सले मोटरोला कम्पनीमा इन्जिनयिर भएर काम गरे। जब तिनीहरू अवकाश हुनै बेला भएको थियो तिनीहरू दुवै जना आफ्नै देश बेलिजमा फर्के। तिनीहरूले अमेरिकामा गएपछि ३० वर्षसम्म छुटेर काम गरेका थिए तर जब बेलिजमा फर्के फेरि तिनीहरूको मित्रता कायम भयो। फेरि चिनजानको समयमा तिनीहरूले यो भेट्टाएकि तिनीहरू दुवै जना अविवाहित थिए। जेम्सले लुइजलाई आफ्नो जीवनको साथी बनाउन अनुरोध गरे। “तपाईंको जीवनमा सबै भन्दा पहिलो व्यक्ति को हो?" भनेर उनले सोधिन्। “परमेश्वर" भनेर जेम्सले जवाफ दिए। “ठीक छ, हामी एउटै मन भएर कुरा गरौंला" लुइजले जवाफ दिइन्। लुइजले साबथको बारेमा सिकेको कुरा जेम्सलाई सुनाउन उत्सुक थिइन्। जेम्सको पनि आफ्नै कहानी थियो। ती दुवै जना मन खोलेर कुरा गर्न थाल्यो। साबथको बारेमा अमेरिकामा एउटा प्रचार गर्ने कार्यक्रममा जाँदा लुइजले सुनेकी थिइन्। तर बेलिजमा फर्केर सानो होटेल नखोलुन्जेल साबथको बारेमा ध्यान दिएकी थिइनन्। उनले ध्यान दिएर बाइबल पढ्न थालिन्। जब दशांसको बारेमा थाहा पाइन् तब उनले कमाएको पैसाको दशांस परमेश्वरलाई बुझाउन थालिन्। जब अनैतिक सम्बन्धको बारेमा बाइबलमा पढिन् तब उनले बिबाह नगेरका स्त्री र पुरुषलाई आफ्नो होटेलमा कोठा दिन छोडिन्। अनि परमेश्वरको आराधना गर्ने ठीक दिन कुन् होला भनेर उनले खोज्न थालिन्। उनी आइतबारमा चर्च जाने गर्थिन्। तर बाइबलले जे भन्छ त्यो मान्न पनि उनले चाहेकी थिइन्। “आइतबार पालन गर्नु ठीक छ कि भन्ने प्रमाण मैले बाइबलमा खोज्न थालें" उनले आफ्नो घर रहेको सहर डानग्रिगमा भनिन्। “तर जति मैले पढ्दै गएँ त्यति शनिबार नै परमेश्वरको आराधना गर्ने साँचो दिन हो भनेर परमेश्वरले देखाउन थाल्नुभयो।"

अनि परमेश्वरले सातौं दिनमा विश्राम लिनुभएको वचन हिब्रू ४:४-११मा पढिन्। त्यसै पदमा आह्वान गरिएको पनि पढिन् “यदि तिमीहरूले उहाँको आवाज सुन्यौ भने तिमीहरूका हृदयहरूलाई कठोर नबनाउनु।" “जब मैले यो पढें तब तब म एक छिन रोकिएँ। मैले परमेश्वरलाई उहाँको आराधना गर्न ठीक दिन देखाउनको लागि प्रार्थना गरिरहेको थिएँ। मैले यहाँ पो भेट्टाएँ। के मैले आइतबारै आराधना गर्नुपर्छ र? आइतबारलाई पवित्र विश्राम बार मान्नु नपर्ने औचित्यको प्रमाण मैले यहाँ भेट्टाएँ" लुइजले भनिन्। तर त्यो ज्ञानले उनलाई केही असजिलो पनि भएको थियो। होटेल भनेको हप्ताको सातौं दिन खुला रहन्छ। अनि लुइजले के गर्ने सो ठम्याउन सकिनन्। प्रत्येक कोठामा उनले बाइबल र एलेन जी ह्वाइटको अचम्मको प्रेम अर्थात् स्टेप्स टु क्राइस्ट पुस्तक राखेकी थिइन्। साबथमा लुगासुगा धुने कामहरू गर्न छोडिन्। तर त्यतिकैमा पुग्छ कि भनेर उनलाई थाहा थिएन। धेरै वर्षपछि भेटभएर फेरि चिनाजानी भएको जेम्सलाई पनि के गर्ने भनेर थाहा थिएन। तर परमेश्वरसँग प्रार्थना गर्नु र उहाँको आवाज सुन्न जरुरी छ भनेर उनले लुइजलाई भने। उनले लुइजलाई आफ्नो जीवनमा घटेको एउटा घट्ना भने। उनलाई उनको दाजुले क्यालिफोर्नियाको राजमार्ग हुँदै बेलिजमा जान निमन्त्रणा गरेका थिए। तिनीहरू जाने रात अघि तिनीहरू एक जना साथीको घरमा बसेका थिए। त्यस समय आफ्नो साथीलाई त्यो यात्रामा जाउँ की नजाउँ भइरहेको उनले बताए। “तब नजाऊ। भित्री आवाजलाई सुन" उनको साथीले भने। तर दाजुलाई हुन्छ भनेकोले जेम्सलाई जान कर लागेको थियो। जब तिनीहरूले कार चलाउन लागेका थिए तब त्यो कार चलेन। आखिरमा त्यो कारलाई तानेर दाजुको घरमा ल्याए। “यो यात्रामा नजाऊ" भनेको आवाजलाई मैले सुन्न चाहिन। भोलिपल्ट बिहान दुवै दाजुभाइ कार चढेर यात्रामा गए। मेक्सिकोको बाटो हुँदै जाँदा एउटा टायर यसरी पञ्चर भयो कि कार फनफन्ति घुमेर लड्यो र दुबै दाजुभाइ कारबाट फ्याँकिए। जेम्सलाई अनुहार र हातमा ठूलो चोट लागेको थियो। उनी मेक्सिकोको होटेलमा दुई दिन भर्ना हुनुपऱ्यो। बेलिजमा पुगेपछि उनले आफ्नो आँखा धमिलिएको थाहा पाए र तुरन्तै अमेरिकामा गएर आँखाको शल्यक्रिया गर्नुपऱ्यो। त्यो दुर्घट्नाले जेम्सको जीवनमा अचानक परिर्तन ल्यायो।

“म चर्च जान थालें र परमेश्वरतिर फर्किन थालें। यदि मैले त्यो आवाज सुनेको भए मैले त्यो दुःख पाउने थिइँन“ जेम्सले भने। जेम्स र लुइज दुवै

जनाले परमेश्वरको इच्छा पालन गर्न चाहेको महसुस गरेका थिए र तिनीहरूले विवाह गर्ने निर्णय पनि गरेका थिए। प्रत्येक साबथ तिनीहरू चर्चमा जान्थे। तर होटेलको काम छोड्नुपर्छ भनेर तिनीहरूको मनमा लाग्यो। तर कसरी छोड्ने?

“तब परमेश्वरले ठूलो अचम्मको काम गर्नुभयो" लुइजले भनिन्। एक दिन उनले अमेरिकाको व्यापारी साथीलाई आफू बीस वर्षदेखि छुट्टि नमनाइ काम गरिरहेको र केही समय छुट्टी मनाउन चाहेको भनिन्। भोलिपल्ट त्यस साथीले उनको होटेल किन्न मञ्जुर गरे।

लुइज र जेम्सले बप्तिस्मा लिए र तिनीहरू अहिले स्थानीय चर्चमा सक्रिय छन्। विश्राम गर्न र परमेश्वरको सेवा गर्न साबथलाई दिनुभएकोमा तिनीहरूले उहाँको प्रशंसा गर्दछन्। “हामीहरूको होटेलको व्यापारमा के भयो त्यो अत्यन्त अचम्मको थियो" लुइजले भन्छिन्।

(लेखक आन्द्रु मकचेस्नी)

**बेलिजको बारेमा थप जानकारीः पछिल्लो** जन गणना अनुसार बेलिजमा ४०,१ प्रतिशत मानिसहरू रोमन क्याथोलिक छन् र ३१.८ प्रतिशत प्रोटेस्टेन्ट छन्। बेलिजमा ९२वटा एडभेन्टिस्ट चर्चहरू छन र ४० वटा सङ्गतिहरू छन्। त्यहाँको जनसंख्या ३८८,००० छन् र ११ प्रतिशत एडभेन्टिस्टहरू छन्। सन् १८८५मा श्रीमती इ. गौतराव प्रभुलाई विश्वास गरेपछि पुस्तक तथा विभिन्न पर्चाहरूद्वारा क्यालिफोर्नियामा सुमाचार प्रचार गरेकी थिइन्। उनले होन्डुरास र बेलिजमा एडभेन्टिस्ट सन्देश भएको छापाहरू बाँधेकी थिइन्।